घरपझोङ गाउँपालिका

# गाउँ कार्यपालिकाको ४१औं बैठकको निर्णयहरु

मिति २०८१।१२।६

**प्रस्ताव नं. १ :-**

अघिल्लो बैठकको निर्णय कार्यान्वयनको समिक्षा सम्बन्धमा ।

**निर्णय नं. १ :-**

मिति २०८१।११।२१ गते बसेको ४०औं बैठकमा १२ वटा निर्णयहरु भएकोमा १५औं गाउँसभा सञ्चालन सम्बन्धी विषयवस्तु उपर छलफल र निर्णय भएको थियो । त्यस बाहेकका निर्णयहरुमा बसपार्क सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८१ स्वीकृत भएको थियो । हृदय परीक्षण शिविरमा भएको खर्च भुक्तानी दिने, ग्रामीण अल्ट्रासाउण्ड मेशिन माग गर्ने शिक्षा समितिमा भएको बैठकको निर्णय बमोजिम निर्णय कार्यान्वयन गर्ने सम्बन्धी निर्णयहरुको कार्यान्वयन प्रगति सन्तोषजनक रहेको व्यहोरा जानकारी भयो ।

**प्रस्ताव नं. २ :-**

च्याङ्ग्रा तथा याक प्रवर्द्धन कार्यक्रमको कृषक/कृषक समूह छनौट सम्बन्धमा ।

**निर्णय नं. २ :-**

चालु आ.ब.को सशर्त स्वीकृत कृषि अनुदान कार्यक्रम तर्फ यस घरपझोङ गाउँपालिकामा रहेका कृषक तथा कृषि व्यवसाय फर्महरुलाई याक प्रबर्द्धन कार्यक्रम र च्याङग्रा प्रबर्द्धन कार्यक्रमको अनुदान प्राप्त गर्नका लागि प्रस्ताव आह्वानको यस कार्यालयबाट मिति २०८१।१०।२७ गतेको प्रकाशित भएको सूचना बमोजिम च्याङ्ग्रा प्रवर्द्धन कार्यक्रम तर्फ ३ वटा प्रस्ताव र याक प्रवर्द्धन कार्यक्रम तर्फ २ वटा प्रस्ताव पेश भएको । पेश भएका प्रस्तावहरु उपर छलफल हुँदा तपसिल बमोजिमका प्रस्तावहरुलाई स्वीकृत गर्ने र प्रस्ताव पेश गरेका कार्यक्रमहरु सञ्चालन गर्नका लागि कार्यालयबाट निम्नानुसार ५०% रकम अनुदान दिने गरी कार्यविधिमा तोकिए बमोजिम कार्यक्रम सञ्चालन गर्ने सर्वसम्मत निर्णय गरियो ।

**तपसिल :-**

| सि.नं. | कृषि समूह/संस्थाको नाम | ठेगाना | प्रोपाईटरको नाम | कार्यक्रमबाट उपलब्ध गराउने ५०% अनुदान रकम | कैफियत |
|---|---|---|---|---|---|
| | | | **याक प्रबर्द्धन कार्यक्रम** | | |
| १ | निलगिरी पशुपंक्षी पालन तथा कृषि व्यवसाय | ४ नं. वडा, जोमसोम | भूपेन्द्र शेरचन | रु.२,५०,०००।- | |
| २ | ह्यालिम्हन्दो पशुपंक्षी पालन कृषक समुह | ३ नं. वडा, स्याङ | अमर थकाली | रु.२,५०,०००।- | |
| | | | **च्याङग्रा प्रबर्द्धन कार्यक्रम** | | |
| १ | मार्फा कृषि पशुपंक्षी तथा नर्सरी फर्म | २ नं. वडा, मार्फा | ध्रुव परियार | रु.३,००,०००।- | |
| २ | विरु पशु तथा मत्स्य फर्म | ३ नं. वडा स्याङ | विर प्रसाद थकाली | रु.३,००,०००।- | |

निर्णय प्रमाणित
०८१।१२।०६

गाउँ कार्यपालिकाको कार्यालय
घरपझोङ गाउँपालिका
जोमसोम, मुस्ताङ
गण्डकी प्रदेश, नेपाल

**प्रस्ताव नं. ३ :-**

विनियोजन ऐन, २०८१ संशोधन र गाउँसभामा पेश हुने सम्वन्धमा ।

**निर्णय नं. ३ :-**

चालु आ.ब. को यस घरपझोङ गाउँपालिकाको बार्षिक स्वीकृत योजना तथा कार्यक्रमहरु तर्फ कार्यान्वयन हुन नसकेका योजनाको योजनान्तर, योजनाको नाम संशोधन साथै नयाँ योजना थप लगायत केही संशोधन गर्नु परेको हुँदा विनियोजन ऐन, २०८१ मा देहाय बमोजिमको संशोधनको प्रस्ताव आगामी गाउँसभामा पेश गर्ने सर्वसम्मत निर्णय गरियो ।

**देहाय :-**

| घटाउने | | | बढाउने | | |
|---|---|---|---|---|---|
| सि.नं. | साविक शिर्षक विवरण | रकम रु. | सि.नं. | प्रस्तावितसंशोधित/ भएपछिका कार्यक्रम | रकम रु. |
| १ | चाइना टाउन निर्माण (व्यवसायीक भवन) | ४५,००,००० | १ | खालाधुङ ढुङ्गेघर संरक्षण तथा पर्यटकीय स्थलको रुपमा विकास गर्ने कार्यक्रम | ४५,००,००० |
| २ | मातृचक्र कृषि उद्यन व्यवस्थापन, वडा नं४ ., जोमसोम | २८,८५,००० | २ | प्रशासनिक भवन नजिक नमुना स्याउ बगैचा व्यावस्थापन गर्ने | ९,५०,००० |
| | | | ३ | प्रशासनिक भवन अगाडी पार्क निर्माण ढुङ्गे धारा समेत | ९,२५,००० |
| | | | ४ | पशु ट्रेभिज निर्माण (७ वटा) | २,५०,००० |
| | | | ५ | कृषकहरुका लागि बेर्ना अनुदान कार्यक्रम (तरकारी आत्मनिर्भर कार्यक्रम) | ५,००,००० |
| | | | ६ | स्याङ आधारभुत स्वास्थ्य केन्द्र तथा वडा कार्यालय मर्मत संभार (झ्याल, ढोका, भर्याङ निमार्ण आदि) | १,१०,००० |
| | | | ७ | गाउँपालिकाको कार्यालयको सभाहलमा साउण्ड सिस्टम जडान गर्ने | १,५०,००० |
| ३ | प्रशासकीय भवनको सभाहलमा डिजिटल डिस्प्ले बोर्ड व्यवस्थापन | ५,००,००० | ८ | ५ वटै वडा कार्यालयहरु, स्वास्थ्य चौकीहरु र आधारभुत स्वास्थ्य केन्द्रहरुमा ई-हाजिरी व्यवस्थापन गर्ने (गाउँपालिकाको कार्यालयबाट अनुगमन हुने गरी) | ४,००,००० |
| | | | ९ | ठिनी खेतवारीको गेट तथा तारजाली मर्मत गर्ने । | १,००,००० |
| ४ | बैंक मौजदातबाट विनियोजित रकम (थप रकम) | १,११,१०,००० | १० | मार्फा छैरो जाने बेली बृज निर्माण योजना, घरपझोङ-१, छैरो | ९०,००,००० |
| | | | ११ | जोमसोम विमानस्थल प्रवेशद्वार ढुङ्गा छपनी बिछ्याउने थप रकम | ३,२०,००० |
| | | | १२ | चिमाङ महिला समुह भवनमा रेलिङ निर्माण | ९०,००० |
| | | | १३ | जोमसोम बाल उद्यान मर्मत संभार | २,००,००० |

निर्णय प्रमाणित।

घरपझोङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जोमसोम, मुस्ताङ

| | | | | | |
|---|---|---|---|---|---|
| | | | १४ | तिनपाङग्रे ईलेक्ट्रिक अटोरिक्सा खरिद तथा अनुदान | १५,००,००० |
| | जम्मा | १,८९,९५,००० | | जम्मा | १,८९,९५,००० |
| क) योजना तथा कार्यक्रमको नाम संशोधन सम्बन्धी प्रस्तावः | | | | | |
| क.सं. | चालु आको स्वीकृत .ब. नाम | लागत रू | | संशोधित नाम | लागत रु. |
| १ | जनवाल मा.वि. डि.पि.आर. तयारी तथा आई.ई.ई. गर्ने | १०,००,००० | | जनवाल मा.वि.को भवन निर्माणको लागि माटो परीक्षण तथा डि.पि.आर. गर्ने | १०,००,००० |
| २ | स्वागतम जोमसोम (Welcome Jomsom) लेखिएको डिजिटल बोर्ड | ५,००,००० | | स्वागतम जोमसोम (Welcome Jomsom) लेखिएको बोर्ड | ५,००,००० |
| ख) कर्मचारी कल्याण कोष स्थापना गर्ने | | | | | |
| १ | विभिन्न कोष | १०,००,००० | १ | कर्मचारी कल्याण कोष | १०,००,००० |

**प्रस्ताव नं. ४ :-**

नियमित गर्नु पर्ने बेरुजुको सम्बन्धमा ।

**निर्णय नं. ४ :-**

गत आ.ब. २०८०।८१ को महालेखापरिक्षकको कार्यालय, काठमाण्डौबाट अन्तिम लेखापरीक्षण भई जारी गरएिको आर्थिक बर्ष २०८०।८१ को लेखापरीक्षण प्रतिवेदनमा औल्याईएका देहाय बमोजिमका नियमित गर्नुपर्ने बेरुजुहरुको पुष्ट्याई सहित संपरिक्षणका लागि पेश गर्ने गरी सार्वजनिक लेखा समितिबाट तयार भएको प्रस्तावलाई आगामी गाउँसभामा पेश गर्नको लागि सैंद्धान्तिक सहमति प्रदान गर्ने सर्वसम्मत निर्णय गरियो ।

**देहाय :-**

| क .सं. | बेरुजुको व्यहोरा | नियमित गर्न मिल्ने आधार |
|---|---|---|
| 1 | **दफाग्रेडिङ मेशिन स्पशिफिकेशन .४७ -** सार्वजनिक खरिद नियमावली ,२०६४ को नियम ५ कमा सार्वजनिक निकायले मालसामान खरिद . ,बमोजिम स्पशिफिकेशन ४ गर्नुअघि ऐनको दफा विशेष आवश्यकता वा अन्य विवरण तयार गरी बमोजिम तोकिएको अधिकारीबाट १४ नियम स्वीकृत गराएर मात्र खरिद कार्य गर्नुपर्ने व्यवस्था छ। पालिकाले स्याउग्राम निर्माण गर्दा गतवर्ष खरिद भएको मेशिनको मूल्य रु लाख १४ . हजारलाई लागत कायम गरी स्याउ ग्रेडिङ्ग ५० गर्ने मेशिन खरिद समेत भवनको लागत आइटममा समावेश गरी रु. १४ लाखमा निर्माण व्यवसायीमार्फत आपूर्ति भएको पाइयो। भवन | संघीय सरकारबाट हस्तान्तरित विशेष अनुदान तर्फको योजनाको रुपमा स्याउग्राम निर्माण ठिनी को लागि रु , बिड मार्फत ठेक्का लगाई -लाख प्राप्त भएको र ई 80 लागत इष्टिमेट बमोजिम काम सम्पन हुँदा भौतिक निर्माण तर्फ भवन निर्माण र ग्रेडिङ मेशिन खरिद गरी फिटिङ कार्य सम्पन्न भयो । ग्रेडिङ मेशिनको स्पेशीफिकेशन तयार गर्दा जिल्ला दररेटमा उक्त मेशिनको दर रेट नहुने तथा सप्लायर्स समेत नभेटिएकोले मुस्ताङ स्थित उपभोक्ता समिति मार्फत उक्त प्रकृतिका कामहरु सम्पन्न भएकोले उपभोक्ता समितिले खरिद गरेको रकमलाई नै दररेट मानि लागत अनुमान तयार गरीएको हो । स्याउ ग्रेडिङ तथा प्याकिङ गर्न सहज भएको तथा भावी दिनमा मुस्ताङको |

निर्णय प्रमाणित

०८१।१२।०६

घरपझोङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जोमसोम, मुस्ताङ

| | | |
|---|---|---|
| | निर्माण र स्याउ वासिङ्ग तथा ग्रेडिङ्ग गर्ने मेशिनको लागत एकै प्रकारको नहुने तथा उपभोक्ताबाट खरिद भएको दरलाई बोलपत्रको लागत मान्न नसकिने तथा स्पेशिफिकेशन बेगर खरिद कार्यमा भएको भुक्तानी नियमित नदेखिएको रु. १४,००,०००-/ | स्याउको भण्डारणको लागि सहज हुने र कृषकहरुलाई राहत भएको र कुनै सरकारी हानी नोक्सानी समेत नभएको । |
| 2 | **दफा -६०.१ किसान सूचीकरण कार्यक्रम**<br>किसान सूचीकरण कार्यक्रम कार्यान्वयन विधि 2077, को दफा मा वडा समितिले किसान 8 सूचीकरण अभिलेख प्रमाणीकरण गरी किसानको सूचीहरेक महिना प्रकाशन गर्ने तथा दफा मा 21 स्थानीय तहले आफ्नो कार्य क्षेत्रका किसानहरुलाई सूचीकरण प्रणालीमा आवद्ध गराउन सहजकर्ता परिचालन तथा घुम्ती टोली खटाई अभियान संचालन गर्नुपर्ने व्यवस्था छ। कार्यक्रम अन्तर्गत .यो वर्ष रु२ लाख ७० हजार बजेट विनियोजन गरिएकोमा रु .१,७३,३२५।खर्च गरेकोमा 0 .ल्यापटप खरिदमा रु१,३८,९२५।0, सम्पर्क व्यक्ति खर्च रु.२२,९००।र बैठक 0 .व्यवस्थापनमा रु११,५००।खर्च गरिएको 0 पाइयो। किसानहरुलाई उपलब्ध गराइने सेवा सुविधाको पारदर्शिता तथा सुशासन अभिवृद्धि गर्न तीनै तहको साझेदारीमा किसानहरुकोआवश्यक विवरणहरु विद्युतीय प्रणालीमार्फत सङ्कलन गरी किसान सूचीकरण गर्नुपर्नेमा ल्यापटप खरिदबैठक , भत्ता वितरण जस्ता कार्यमा खर्च गर्दा उक्त बजेट उद्धेश्य अनुरुप खर्च भएको छैन। स्वीकृत बजेट तोकिएको कार्यमा खर्च नगर्ने कर्मचारीलाई जिम्मेवार बनाई खर्च नियमित भएको प्रमाण पेश गर्नुपर्ने रु .१,७३,३२५-/ | संघीय सरकारबाट हस्तान्तरित शसर्त तर्फ किसान सूचिकरण अन्तर्गत कुल बजेट रकम रु.२,७०,०००।— प्राप्त भएको थियो । कृषि तथा पशुपंक्षी विकास मन्त्रालय मार्फत संचालन हुने किसान सूचिकरण व्यवस्थापन प्रणाली नियमित संचालन भैरहेको छकार्यक्रम कार्यान्वयन कार्यविधी बमोजिम बैठक , मसलन्द खरिद गर्न मिल्ने तथा /खर्च तथा मेशिनरी शाखामा समेत अति आवश्यक भएकोले खरिद गरी जिन्सी दाखिला भै कार्यालयको सम्पत्तिको रुपमा कृषि शाखामा सूचिकरण प्रयोजनमै प्रयोग भैरहेको छ। यस बाट शसर्त तर्फको अनुदान फिर्ता नभई कार्यान्वयन हुने भएकोलेसरकारी हान ,ीनोक्सानी नभएको । |
| 3 | **दफा -६२ भूमिगत विद्युतीकरण**<br>सार्वजनिक खरिद नियमावली ,२०६४ को नियम ) क को उपनियम 97९मा एक आपसमा ( अन्तरसम्बन्धित भई एउटै प्याकेजमा काम गर्नुपर्ने प्रकृतिको निर्माण कार्यलाई अलग प्याकेज ,बनाइएकोलागत अनुमान अनुसार श्रमिक लागत भार पचास प्रतिशत भन्दा कम भएको निर्माण कार्य लाभग्राही समुहबाट गराउने नहुने व्यवस्था छ। | यस घरपझोङ गाउँपलिकाले गत विगत आर्थिक वर्षहरुबाटै वडा नम्बर ३ पूथाङ एयरपोर्ट क्षेत्रमा विधुत भूमिगत गर्ने कार्य गर्दै आइरहेको छ । उपभोक्ता समिति मार्फत निर्माण कार्य गराउँदा उपभोक्ताहरुको समेत योगदान रहेको र काम समेत धेरै भएको मर्मत संभार गर्दा स्थानीय लाभग्राहिहरु नै जिम्मेवार हुने भएकोले र लागत साझेदारी समेत भएकोले सम्पन्न भएको कामको दिगोपना गुने देखिन्छउक्त काम बाट , |

निर्णय प्रमाणित

०८१।१२।०६

घरपझोङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय

| | | |
|---|---|---|
| | पालिकाले पुथाङ एयरपोर्टमा अण्डरग्राउण्ड विद्युतीकरणका लागि गतवर्ष रुलाख र यो ६४ . वर्ष रु. १३ लाख गरी रुलाख निर्माण ७७ . उपभोक्तालाई भुक्तानी गरेको छ। मुस्ताङ जिल्लामा विद्युत वितरण तथा महशुल संकलन कार्य निलगिरी सहकारी संस्थाले गर्दै आएको छ। उक्त नाफामुलक संस्थाले गर्नुपर्ने प्राविधिक रुपले जटिल भूमिगत विद्युतीकरणको कार्य उपभोक्ता मार्फत पालिकाको बजेटबाट खर्च गरेकोमा सो लागत अनुमान समेत सम्बन्धित प्राविधिकबाट तयार भएको नदेखिएकोले अनियमित रु . १३,००,०००-/ | सरकारी हानीनोक्सानी समेत नभएको । |

**प्रस्ताव नं. ५ :-**

नमुना तातो कोठा निर्माण सम्बन्धमा ।

**निर्णय नं. ५ :-**

BEEN संस्थाको प्राविधिक तथा आर्थिक सहकार्यमा यस घरपझोङ गाउँपालिकाको राजश्व शाखालाई नमुनाको रुपमा वातावरण अनुकुलन हुनेगरी तातो कोठाको रुपमा परिणत गर्ने कार्यक्रमको लागि BEEN संस्था सँग सहमति भएकोले र यस गाउँपालिकाबाट व्यहोर्ने रकम रु.५,००,०००।- (पाच लाख) समपूरक कोषबाट खर्च गर्ने गरी सञ्चालन गर्ने सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. ६ :-**

ईलेक्ट्रिसियनको प्राविधिक परामर्श सेवा लिने सम्बन्धमा ।

**निर्णय नं. ६ :-**

गाउँपालिकाको कार्यालय भवन, गाउँपालिकाको स्वामित्वमा रहेका अन्य कार्यालय भवनहरु, सडक बत्तीका साथै गाउँपालिकाबाट जडान भएको सी.सी.टी.भि. को रेखदेख र मर्मत संभार गरी चुस्तदुरुस्त राख्नु पर्ने भएकोले एक जना प्राविधिक ज्ञान सीप भएका व्यक्तिको सेवा contract basis मा लिन उपयुक्त देखिएकोले यस सम्बन्धमा सार्वजनिक सूचना प्रकाशन गर्ने र सबै भन्दा न्युन आर्थिक सेवा सुविधामा सेवा उपलब्ध गराउन मञ्जुर भई प्रस्ताव पेश गर्ने दक्ष विद्युत प्राविधिक सँग सम्झौता गरी प्राविधिक परामर्श सेवा लिने सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. ७ :-**

आर्थिक सहायता प्रदान गर्ने सम्बन्धमा ।

**निर्णय नं. ७ :-**

उच्च हिमाली क्षेत्रमा बसोबास रहेको लोपोन्मुख हिउँ चितुवा संरक्षणको क्षेत्रमा काम गर्ने टेका समूह नेपाल, काठमाण्डौले विद्यालय स्तरमा जनचेतना आभिबृद्धि गराउने किसिमका संरक्षण शिक्षा सन्दर्भ पुस्तक

निर्णय प्रमाणित
०८१।१२।०६

घरपझोङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जोमसोम, मुस्ताङ

तयार गर्ने साथै हिउँ चितुवा संरक्षण कार्यमा खर्च गर्ने गरी आर्थिक सहायता माग गरेको हुँदा बील भरपाई संलग्न गरी गाउँपालिकाको अन्य संघ संस्था सहायता शिर्षकबाट रु.३०,०००।- आर्थिक सहायता उपलब्ध गराउने सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. ८ :-**

बसपार्क ठेक्काको असुल गर्नुपर्ने रकम सम्बन्धमा ।

**निर्णय नं. ८ :-**

बसपार्क संचालन गर्ने गरी यस कार्यालय र घरपझोङ गा.पा.-४, जोमसोम निवासी श्री सुरेश शेरचन बिच भएको दुई पक्षिय सम्झौता मिति २०८१।६।२१ गते रद्ध भई यस कार्यालयलाई बुझाउनु पर्ने रु.४,३५,९३८।- असुलउपरका लागि पटक पटक पत्राचार हुँदा समेत हाल सम्म रकम नबुझाएकोले यस घरपझोङ गाउँपालिका र सम्बन्धित ४ नं. वडा कार्यालय साथै अन्य वडा कार्यालयहरुबाट समेत निज र निजको एकाघरका परिवारलाई सिफारिस, अनुदान लगायतका सबै किसिमका सरकारी सेवा सुविधाहरुबाट उक्त रकम भुक्तानी नभएसम्मका लागि बञ्चित गराउने र निर्णय कार्यान्वयनका लागि जिल्ला समन्वय समितिको कार्यालय, मुस्ताङ, जिल्ला प्रशासन कार्यालय, मुस्ताङ, जिल्ला प्रहरी कार्यालय, मुस्ताङ र सबै वडा कार्यालयहरुलाई लेखी पठाउने सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. ९ :-**

NWASH कार्यक्रम सम्बन्धमा ।

**निर्णय नं. ९ :-**

खानेपानी तथा ढल व्यवस्थापन विभाग तथा उर्जा जलश्रोत तथा खानेपानी मन्त्रालय, गण्डकी प्रदेश एवम् यस घरपझोङ गाउँपालिका, मुस्ताङ बीच मिति २०८१।६।१० गते खानेपानी, सरसफाई तथा स्वच्छता (खासस्व) योजना तयारी र कार्यान्वयनका लागि हस्ताक्षर भएको समझदारी-पत्र बमोजिम NWASH/MIS तयारी कार्यको लागि एक जना तथ्याङ्क संकलक नियुक्ति भई तालिम समेत लिई सकेको हुँदा र निज वडा स्तरमा गई तथ्याङ्क संकलन गर्नु पर्ने भएकोले तथ्याङ्क संकलन गर्ने कार्यमा सबै वडा कार्यालयहरुले आवश्यक सहजीकरण गर्ने सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. १० :-**

गाउँसभाको १५औं अधिबेशनको कार्यसूची सम्बन्धमा ।

**निर्णय नं. १० :-**

यस घरपझोङ गाउँपालिकाको गाउँसभाको १५औं अधिबेशन तपसिल बमोजिमको कार्यसूची अनुसार सञ्चालन गर्ने सर्वसम्मत निर्णय गरियो ।

**तपसिल :-**

**गाउँसभाको १५औं अधिबेशनको कार्यसूची**

मिति : २०८१।१२।०७ गते, बिहिवार

| क्र.सं. | समय | कार्यसूची | प्रस्तुतकर्ता |
|---|---|---|---|
| १ | बिहानको ८:१५ | अध्यक्षले गाउँ सभाको १५ औं अधिवेशन आह्वान गरेको | सभाध्यक्ष श्री मोहनसिंह लालचन |

निर्णय प्रमाणित।

०८१।१२।०६

| | | | |
|---|---|---|---|
| | | पत्रको व्यहोरा सभामा वाचन गरेर जानकारी गराउने | |
| २ | बिहानको ८:२० | अधिवेशनको सफलताको शुभकामना मन्तव्य | श्री जैकला वि.क.<br>श्री वीर प्रसाद थकाली<br>श्री कृष्ण प्रसाद थकाली |
| | बिहानको ८:३० | विभिन्न समितिका प्रतिवेदन प्रस्तुत गर्ने | |
| ३ | | सुशासन तथा संस्थागत विकास समितिको प्रतिवेदन | संयोजक श्री याम प्रसाद थकाली |
| ४ | | न्यायिक समितिको प्रतिवेदन | उपाध्यक्ष एवं संयोजक श्री जमुना थापा मगर |
| ५ | | अनुगमन समितिको प्रतिवेदन | उपाध्यक्ष एवं संयोजक श्री जमुना थापा मगर |
| ६ | | लेखा समितिको प्रतिवेदन | सार्वजनिक लेखा समितिका संयोजक श्री कृष्ण प्रसाद थकाली |
| ७ | | आर्थिक विकास समितको प्रतिवेदन | संयोजक श्री फलेन्द्र प्रसाद थकाली |
| ८ | | पूर्वाधार विकास समितिको प्रतिवेदन | संयोजक श्री मन बहादुर हिराचन |
| ९ | | सामाजिक विकास समितिको प्रतिवेदन | संयोजक श्री आस बहादुर थकाली |
| १० | | वातावरण तथा विपद् व्यवस्थापन समितिको प्रतिवेदन | संयोजक श्री प्रदिप थकाली |
| ११ | बिहानको ९:१५ | आ.ब.२०८०।८१ को महालेखा परीक्षकको प्रतिवेदनमा औंल्याइएको नियमित गर्नु पर्ने बेरुजु फछ्र्यौट सम्बन्धी प्रस्ताव | सार्वजनिक लेखा समितिका संयोजक श्री कृष्ण प्रसाद थकाली |
| १२ | बिहानको ९:३० | विनियोजन ऐन, २०८१ संशोधन सम्बन्धी प्रस्ताव | उपाध्यक्ष श्री जमुना थापा मगर |
| १३ | बिहानको ९:४५ | प्रशंसा-पत्र प्रदान गर्ने | सभाध्यक्ष श्री मोहनसिंह लालचन |
| १४ | बिहानको ९:५० | कदर-पत्र प्रदान गर्ने । | सभाध्यक्ष श्री मोहनसिंह लालचन |
| १५ | बिहानको १०:०० | शोक प्रस्ताव | सभाध्यक्ष श्री मोहन सिंह लालचन |
| १६ | बिहानको १०:०५ | १५औं अधिवेशनको समापन | सभाध्यक्ष श्री मोहन सिंह लालचन |

निर्णय प्रमाणित ।
०८१।१२।०६

घरपखोङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जोमसोम, मुस्ताङ
गण्डकी प्रदेश, नेपाल